# तीनपाटन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लाम्पनटार, सिन्धुली
बागमती प्रदेश, नेपाल


प.सं.:-खेलकुद/२०८२/०८३
च.नं.:-

मितिः- २०८३/२/११
ने.सं.:- ११४६ अनालाथ्व दशमी

## स्थगित रहेको "दोस्रो तीनपाटन कप खुला पुरुष भलिबल प्रतियोगिता" सञ्चालन हुने सम्बन्धी सूचना।

प्रस्तुत विषयमा तीनपाटन गाउँपालिकाले विगतका वर्षहरु देखि नै खेलकुद क्षेत्रमा लगानी गर्दै खेलकुदको माध्यमबाट समाजमा आपसी सद्भाव, सहिष्णुता तथा हार्दिकता कायम राख्दै युवा वर्गमा रहेको खेल प्रतिभालाई उजागर गर्ने र स्थानीय प्रादेशिक तथा राष्ट्रिय स्तरको खेलाडी उत्पादनमा महत्तम टेवा पुर्‍याउने उद्देश्यका साथ यस गाउँपालिकाको आ.व.२०८२/८३ को स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेट बमोजिम गाउँपालिकाको आयोजना एवम् खेलकुद विकास समितिको सहजीकरणमा "दोस्रो तीनपाटन कप खुला पुरुष भलिवल प्रतियोगिता" तपसिलको मिति, समय र स्थानमा सञ्चालन हुने हुँदा सम्पूर्ण भलिबल खेलप्रेमीहरुको सहभागिताका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल :-**

**खेल सञ्चालन हुने मितिः-** २०८३/०२/२२ गतेदेखि २४ गतेसम्म

**स्थानः-** तीनपाटन गाउँपालिका वडा नं. ११ चकमके खेल मैदान।

**पुरस्कारहरुः-**

१. प्रथम पुरस्कार : नगद रु.२,००,०००/- सहित शिल्ड, मेडल र प्रमाणपत्र
२. द्वितीय पुरस्कार : नगद रु.१,२५,०००/- सहित शिल्ड, मेडल र प्रमाणपत्र
३. तृतीय पुरस्कार : नगद रु.५०,०००/- सहित शिल्ड, मेडल र प्रमाणपत्र
४. सर्वोत्कृष्ट खेलाडी पुरस्कार : नगद रु. २,०००/- सहित शिल्ड, मेडल र प्रमाणपत्र
५. उत्कृष्ट स्पाइकर: नगद रु.१,५००/- सहित शिल्ड, मेडल र प्रमाणपत्र
६. उत्कृष्ट सेटर : नगद रु.१,५००/- सहित शिल्ड, मेडल र प्रमाणपत्र
७. उत्कृष्ट सर्भर: नगद रु.१,५००/- सहित शिल्ड, मेडल र प्रमाणपत्र
८. उत्कृष्ट डिफेन्डर: नगद रु.१,५००/- सहित शिल्ड, मेडल र प्रमाणपत्र
९. उत्कृष्ट ब्लकर: नगद रु.१,५००/- सहित शिल्ड, मेडल र प्रमाणपत्र

**टिम दर्ता शुल्कः-** रु.३,०००/- (अक्षरेपी तीन हजार मात्र)

**खेलका नियमहरुः-**

१. प्रतियोगितामा सहभागीका लागि आउने टिम अनिवार्य रुपमा सम्बन्धित स्थानीय तह वा युवा क्लब वा संघ संस्थाको सिफारिस साथ आउनु पर्नेछ।
२. प्रत्येक खेलाडीले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र हालसालै खिचेको १ प्रति फोटो पेस गर्नुपर्नेछ।
३. सहभागी खेलाडीका लागि आफ्नो क्लब/संस्थाको नाम खुलेको खेल पोसाक अनिवार्य गरिएको छ।
४. खाना, होटल बास लगायतका सम्पूर्ण व्यवस्था खेलाडी/क्लब स्वयमले गर्नुपर्नेछ।

०८३/०२/११
मनोज साह
प्रमुख प्रशासकीय अधिकृत

५. खेल सञ्चालनको क्रममा खेलाडी घाईते भई उपचार गर्नुपर्ने भएमा प्राथमिक उपचार बाहेक अन्य उपचारको लागि आयोजक जिम्मेवार हुने छैन।

६. खेल FIVB र भलबिल खेलको प्रचलित नियमानुसार खेलाइनेछ।

७. खेल सञ्चालनको क्रममा कुनै विवाद उत्पन्न भएमा आयोजकको निर्णय नै अन्तिम हुनेछ।

८. माथि उल्लिखित पुरस्कार रकममा नेपाल सरकारको प्रचिलित नियम बमोजिम कर कट्टी गरी प्राप्त हुनेछ।

९. टिम दर्ता २०८३ जेठ २० गते कार्यालय समयभित्र अनिवार्य रुपमा गरिसक्नु पर्नेछ।

१०. टिम दर्ता शुल्क यस गाउँपालिकाको आन्तरिक राजस्व खाता नं.३५८०४०१००००००७ मा जम्मा गरी सोको भौचर वा संलग्न क्युआर कोड स्क्यान गरी सोको रिसिप्ट tinpatanmun@gmail.com ईमेल गरी पठाउनु पर्नेछ।

११. थप जानकारीको लागि सम्पर्क नम्बरहरु-

श्री विष्णु बहादुर तामाङ, खेलकुद संयोजकः ९८५४०४१०८८

श्री चेत बहादुर पूर्वछाने, सदस्य सचिवः ९८४४२५१४६०

श्री दुर्गा पुलामीः ९८४४५०५४५९

विष्णु बहादुर तामाङ
खेलकुद संयोजक

मनोज साह
प्रमुख प्रशासकीय अधिकृत